# कृषि मेशिनरी वर्कसप स्थापना सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

## आर्थिक वर्ष २०७८/७९

(माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७८/०७/०८)

**प्रदेश सरकार**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

# <u>कृषि मेशिनरी वर्कसप स्थापना सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७८</u>

<u>**प्रस्तावना:**</u> प्रदेशमा कृषि यान्त्रीकरण प्रवर्द्धनको लागि विभिन्न कृषि मेशिनरीको मर्मत सम्भार गर्न, कृषि यन्त्रको मर्मत सम्भार तथा सञ्चालन गर्न कृषक तथा स-साना उद्यमीको क्षमता अभिबृद्धि गर्न र कृषि मेशिनरीका स-साना पार्टपुर्जा उत्पादन गर्न बाञ्छनीय भएकोले विनियोजन ऐन, २०७८ को दफा १० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयवाट यो कार्यविधि स्वीकृत गरि लागू गरिएको छ ।

## परिच्छेद -१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "**कृषि मेशिनरी वर्कसप स्थापना सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७८**" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिले प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) "**अनुदान**" भन्नाले कृषि मेशिनरी वर्कसप स्थापना कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने प्राविधिक तथा आर्थिक सहयोग सम्झनु पर्छ ।

(ख) "**कार्यक्रम**" भन्नाले कृषि मेशिनरी वर्कसप कार्यक्रम सञ्चालन गर्न स्वीकृत गरिएको वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ग) "**निर्देशनालय**" भन्नाले कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(घ) "**प्रदेश**" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ङ) "**मन्त्रालय**" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(च) "**मूल्याङ्कन समिति**" भन्नाले दफा ४ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(छ) "**साझेदार**" भन्नाले यस कार्यविधि अनुरुप अनुदान प्राप्त गर्न छनौट भएका कृषक समूह/कृषि सहकारी/निजी क्षेत्रहरूलाई सम्झनु पर्छ ।

(ज) "**स्थानीय तह**" भन्नाले बागमती प्रदेशका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

(झ) "**ज्ञान केन्द्र**" भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

३. <u>उद्देश्य:</u> यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) विभिन्न कृषि मेशिनरीको मर्मत सम्भार गर्ने,

(ख) कृषि यन्त्रको मर्मत सम्भार तथा सञ्चालन गर्न कृषक तथा स-साना उद्यमीको क्षमता अभिबृद्धि गर्ने,

(ग) कृषि मेशिनरीका स-साना पार्टपुर्जा उत्पादन गर्ने,

(घ) कृषि यान्त्रीकरणमा सहयोग गर्ने,

## परिच्छेद -२

## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समिति**ः प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारीस गर्न निर्देशनालय/ज्ञान केन्द्रमा सार्वजनिक खरिद ऐन-२०६३ र सार्वजनिक खरिद नियमावली-२०६४ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

## परिच्छेद –३

## कार्यक्रम सञ्चालन प्रक्रिया

५. **कार्यक्रम सञ्चालन** :(१) यो कार्यक्रम वार्षिक स्वीकृत कार्यक्रम अनुसार बागमती प्रदेशभर सञ्चालन गरीनेछ ।

(२)यो कार्यक्रम निर्देशनालय/ज्ञान केन्द्रहरुबाट सञ्चालन गरिनेछ ।

६. **सूचना प्रकाशनः** (१) निर्देशनालय/ज्ञान केन्द्रले राष्ट्रिय दैनिक पत्रिकामा ३० दिन म्याद राखी अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नेछ । पहिलो पटकको सुचना अनुसार साझेदारहरुवाट प्रस्ताव पेश नभएमा पुनः १५ दिनको म्याद दिई प्रस्ताव आह्वान गरिनेछ ।

(२)उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार कृषक समूह/कृषि सहकारी/निजी क्षेत्रले अनुसूची -२ मा उल्लेखित कागजपत्र सहित निर्देशनालय/ज्ञान केन्द्रमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

७. **प्रस्ताव पेश गर्ने:** (१) साझेदारले कृषि मेशिनरी वर्कसप स्थापना कार्यक्रम सञ्चालनको लागि अनुसूची -२ अनुसारको ढाँचामा आवेदन र प्रस्ताव र अनुसूची -३ अनुसारको प्रतिबद्धता पत्र पेश गर्नुपर्ने छ ।

(२)प्रस्ताव पेश गर्दा बर्कसपको अनुमानित लागत इष्टिमेट, खरिद गरिने मेशिनरी औजारको विवरण, ब्यवसायिक योजना आदि समेटी प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ।

८. **प्रस्ताव पेश गर्दाका न्यूनतम मापदण्ड:** (१) साझेदारले माग गरिएको अनुदान रकम बार्षिक स्वीकृत बजेट अनुसार हुनुपर्नेछ ।

(२)साझेदारसँग कम्तीमा ३ रोपनी जग्गा (आफ्नै/प्रोपाईटरको/१० वर्षे लिजमा) भएको प्रमाण पेश गर्नुपर्नेछ ।

(३)साझेदारसग कम्तीमा १ जना दक्ष कृषि/मेकानिकल बिषयको ईन्जिनियर/ओभरसियर हुनु पर्नेछ।

(४)साझेदारले सम्भव भए सम्म ५ वर्षमा कम्तीमा ३ प्रकारका कृषि औजार वा यसका स-साना पार्ट पुर्जा उत्पादन गर्नु पर्नेछ ।

९. **साझेदार संस्था छनौटः** छनौटको प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) अनुसूची -४ बमोजिम मूल्याङ्कन समितिले प्रस्तावहरुको मूल्याङ्कन गरी प्रस्तावकले प्राप्त गरेको प्राप्ताङ्क सहित साझेदार छनौटको सिफारिश निर्देशनालय/ज्ञान केन्द्रमा पेश गर्नु पर्नेछ,

(ख) सुचना प्रकाशन गर्दा एक मात्र प्रस्ताव पेश भएको अवस्थामा समेत कार्यक्रम कार्यन्वयन गर्न बाधा पर्ने छैन ।

(ग) मूल्याङ्कन समितिले साझेदारहरुको स्थलगत प्रमाणिकरण गर्नका लागि टोली गठन गर्न सक्नेछ,

(घ) छनौट भएको साझेदारलाई निर्णय भएको मितिले ७ दिन भित्र निर्देशनालय/ज्ञान केन्द्रले जानकारी दिनु पर्नेछ । छनौटमा नपरेका आवदेकहरुले दाबी बिरोध गर्नुपर्ने भए छनौट भएको मितिले ७ दिन भित्र दाबी/बिरोधको पत्र निर्देशनालय/ज्ञान केन्द्रमा दर्ता गरिसक्नु पर्ने छ। दाबी बिरोध उपर निर्देशनालय/ज्ञान केन्द्रले बढीमा १० दिनभित्र निर्णय गरिसक्नुपर्ने छ ।

१०. **कार्यक्रम कार्यान्वयन सम्झौता** : (१) छनौट भएका साझेदारहरुले १५ दिन भित्र सम्झौताका लागि निर्देशनालय/ज्ञान केन्द्रमा सम्पर्क गर्नुपर्नेछ ।

(२) छनौट भएका साझेदारहरुसँग उपयूक्त ढाँचाको सम्झौता पत्र वनाई निर्देशनालय/ज्ञान केन्द्रले सम्झौता गर्नुपर्ने छ ।

(३) सम्झौता गर्दा साझेदारहरुले कृषि मेशिनरी वर्कसप निर्माणको कुल लागत अनुमानको न्यूनतम ५० प्रतिशत लागत साझेदारी निर्देशनालय/ज्ञान केन्द्रमा जम्मा गरी सक्कल भौचर पेश गर्नुपर्नेछ । मुनासिव कारण पेश गरेमा लागत साझेदारी जम्मा गरेको भौचर निर्देशनालय/ज्ञान केन्द्रमा पेश गर्न सम्झौता मिति को १५ दिन समय प्राप्त गर्नेछ ।

(४) सम्झौता मिति को १५ दिन भित्र लागत साझेदारी जम्मा नगरेमा वैकल्पिक सूचीमा रहेका साझेदारहरुलाई सम्झौताका लागि वोलाईनेछ ।

(५) दोस्रो बैकल्पिकले समेत सम्झौता वा रकम जम्मा नगरेमा वाकी रहेका वैकल्पिक सुचीमा रहेका साझेदारलाई सम्झौताका लागि नबोलाएका कारण कार्यक्रम सञ्चालनमा वाधा पुग्ने छैन ।

(६) सम्झौता भई खरिद प्रक्रियामा सुरु भए पश्चात साझेदारले कृषि मेशिनरी वर्कसप निर्माण तथा सञ्चालन नगर्ने अवस्था आएमा कानून वमोजिम कार्यवाहि गरिनेछ ।

११. **बर्कसपमा निर्माणका न्यूनतम संरचना र मेशिनरी** (१) कृषि मेशिनरी वर्कसपमा भौतिक संरचना (मर्मतका लागी ट्रस, वयरहाउस, कार्यालय भवन आदी) निर्माणमा कुल वजेटको बढिमा ३०% खर्च गर्न मिल्नेछ ।

(२) कृषि मेशिनरी वर्कसपमा मेशिनरी खरिद (Lathe Machine, Shaper Machine, Welding Machine, Drilling Machine, Cutting Machine, Bending Machine, Shearing Machine आदी) मा खर्च गर्न मिल्नेछ ।

## परिच्छेद -४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१२. **प्रस्तावित अनुमानित लागतः** (१) निर्देशनालय/ज्ञान केन्द्रबाट सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार बार्षिक स्वीकृत कार्यक्रम वजेटवाट परामर्श सेवा लिई कृषि मेशिनरी वर्कसपको सम्भाव्यता अध्ययन तथा लागत अनुमान तयार गराईनेछ ।

(२) परामर्शदाताले निर्देशनालय/ज्ञान केन्द्रमा पेश गर्ने प्रतिवेदनमा योजनाको कुल लागत, कार्यान्वयन योजना तथा साझेदारहरुले व्यहोर्नु पर्ने रकम स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ ।

(३) साझेदार वाट लागत साझेदारी जम्मा भएपश्चात परामर्शदाताले पेश गरेको कुल लागत अनुमान तथा डिजाईन ईस्टीमेटको आधारमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार बोलपत्रदाता छनौट गरि कार्यक्रम कार्यान्वयन गर्नेछ।

१३. **भुक्तानीः** (१) निर्देशनालय/ज्ञान केन्द्रले बोलपत्रदाताले पेश गरेको बील, फोटो, आधिकारिक प्राविधिकको निर्माण सम्पन्न प्रतिवेदन, साझेदारले कार्यक्रम हस्तान्तरण भएको भनि प्रदान गरेको भुक्तानी सिफारिस पत्र प्राप्त भए पछि आवश्यकता अनुसार अनुगमन गरी बोलपत्रदाताको बैंक खातामा रकम भुक्तानी गर्नेछ । वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम बढीमा पचास प्रतिशत रकम अनुदान प्रदान गरिने छ ।

(२) कार्यक्रम बजेटको २ (दुई) प्रतिशत कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ र सो रकम सुचना प्रकाशन, बैठक, अनुगमन, निरिक्षण, इन्धन, आदि कार्यमा खर्च गर्नेछ ।

## परिच्छेद -५
## अनुगमन तथा मूल्याङ्कन

१४. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यक्रमको मन्त्रालय, निर्देशनालय र ज्ञान केन्द्रले कार्यक्रम सञ्चालन सम्झौता पश्चात नियमित अनुगमन, सुपेरिवेक्षण तथा पृष्ठपोषण गर्नेछ ।

(२) स्थलगत निरिक्षण गर्दा दिईएका मौखिक तथा लिखित सुझावहरु पालन गरी कार्यक्रम सम्पन्न गर्नु साझेदारको दायित्व हुने छ । अनुदान प्राप्त गर्ने अनुदानग्राहीले प्राप्त गरेको अनुदानको प्रयोग गरे नगरेको सन्दर्भमा प्रत्येक वर्ष कार्यान्वयन निकायवाट मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद -६
## विविध

१५. **कारबाहीको व्यवस्थाः** (१) साझेदारले सम्झौता बमोजिम अनुदान सामाग्री लिई दुरुपयोग गरेमा त्यस्ता संस्थाबाट कानुन वमोजिम रकम असुल उपर गरी समाग्री जफत गरिनेछ ।

(२) साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र २ वर्षसम्म प्रदेश सरकारवाट सञ्चालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

१६. **<u>संशोधनः</u>** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१७. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

अनुसूची -१

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**कृषि मेशिनरी वर्कसप स्थापना कार्यक्रममा प्रस्ताव मागको सूचना**

प्रथम पटक प्रकाशित मितिः ....................

कृषि विकास निर्देशनालय/ज्ञान केन्द्र, बागमती प्रदेश द्वारा आ.व .......... वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५०% लागत साझेदारीमा कृषि मेशिनरी वर्कसप स्थापना कार्यक्रम रहेको हुँदा .................................... जिल्लाका ईच्छुक कृषक समूह/कृषि सहकारी/निजी क्षेत्रहरूबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र निर्देशनालय/कृषि ज्ञान केन्द्रमा आईपुग्ने गरी अनुसूची -२ को निवेदन तथा सो अनुसूचीमा माग गरेको कागजातहरु निर्देशनालय/कृषि ज्ञान केन्द्रमा दर्ता गर्नु हुन अनुरोध छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**पुनश्चः "कृषि मेशिनरी वर्कसप स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७८"** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशको बेवसाईट www.molmac.bagamati.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईट www.doad.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

अनुसूची -२

(दफा ७ सँग सम्बन्धित)

**कृषि मेशिनरी वर्कसप स्थापना कार्यक्रममा प्रस्तावकले पेश गर्ने आवेदन**

श्रीमान् प्रमुख ज्यू, मितिः

कृषि विकास निर्देशनालय/कृषि ज्ञान केन्द्र,

................................., .......................................... ।

**विषयः** लागत साझेदारी सम्बन्धमा ।

महोदय,

म/ हाम्रो कृषक समूह/कृषि सहकारी/निजी क्षेत्रबाट.. ... ...... ... जिल्लाको ... ... ... ... ... गा.पा./ न.पा. को वडा नं.... स्थानमा पचास प्रतिशत रकम मैरै/ हाम्रो संस्थाकै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कृषि मेशिनरी वर्कसप स्थापना गर्न ईच्छुक रहेकोले सो कार्यक्रममा सहभागी हुन तपसिलको योजना र कागजातहरू राखी निवेदन पेश गरेको छु/गरेका छौं ।

**आर्थिक योजना**

| क्र.सं. | क्रियाकलापहरु | किसिम/स्पेशिफिकेसन | ईकाइ | दर | रकम(रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भौतिक संरचना | | | | | |
| १.१ | | | | | | |
| २ | मेशिनरी औजार | | | | | |
| २.१ | | | | | | |
| ३ | अन्य | | | | | |
| ३.१ | | | | | | |
| | **जम्मा** | | | | | |

**व्यवसायिक योजनाः** (परिचय, उद्देश्य, सेवा प्रदानका किसिम र परिमाण, अनुमानित नाफा नोक्सान, लाभग्राहिको विवरण आदी)

**संलग्न गरिएका कागजातहरुः**

१. रु. १०।- को टिकट टाँसेको अनुसूची-१ अनुसारको आवेदन,
२. अनुसूची -३ बमोजिमको प्रतिबद्धता पत्र,
३. जग्गाको क्षेत्रफल सहितको लालपुर्जाको प्रतिलिपी,
४. संस्थाको प्रवन्धपत्र,दर्ता, नविकरण, प्यान नं. र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी,
५. स्थानिय तहको सिफारिश पत्र,
६. लागत साझेदारी जुटाउने प्रमाण बैंक स्टेटमेण्ट वा बैंकको Letter of intent,
७. साझेदार सग भएको जनशक्तीको प्रमाण पत्र ।
८. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार /स्थानीय तह अन्य संघ संस्थाबाट सोही कामको लागि सहयोग लिए नलिएको स्वघोषण पत्र ।

**जिम्मेवार पदाधिकारीको**

हस्ताक्षर र मितिः

नाम थरः

पदः

संस्थाको छापः

## अनुसूची –३
### (दफा ७ सग सम्बन्धित)
### प्रतिबद्धता पत्र

..........................को मिति..............................को सूचना कृषि मेशिनरी वर्कसप स्थापना कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ५ वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अनुसारको कार्य नगरेमा वा ५ वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

**साझेदारको तर्फबाट**

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
| --- | --- |
| | |

अनुसूची -४

(दफा ८ सँग सम्बन्धित)

<u>साझेदार छनौट गर्न मूल्याङ्कनका आधारहरु</u>

<table>
<tr><th>क.स.</th><th>सूचक</th><th>अंक</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>सुविधा</td><td>१०</td><td rowspan="3">प्रमाण पेश गर्नु पर्ने</td></tr>
<tr><td>क</td><td>सडक र बिजुलीको सुविधा उपलब्ध भएको</td><td>१०</td></tr>
<tr><td>ख</td><td>सडक र बिजुलीको सुविधा उपलब्ध हुन सक्ने</td><td>५</td></tr>
<tr><td>२</td><td>जग्गाको क्षेत्रफल</td><td>३०</td><td rowspan="3">प्रमाण पेश गर्नु पर्ने</td></tr>
<tr><td>क</td><td>६ रोपनी भन्दा वढी जग्गा</td><td>३०</td></tr>
<tr><td>ख</td><td>३-६ रोपनी भन्दा वढी जग्गा</td><td>२०</td></tr>
<tr><td>३</td><td>आर्थिक लगानी*</td><td>२०</td><td rowspan="3">बैंक तथा बित्तिय संस्थामा रकम जम्मा रहेको प्रमाणको रुपमा स्टेटमेण्ट वा भौचर ।</td></tr>
<tr><td>क</td><td>५०% भन्दा वढि साझेदार गर्ने</td><td>२०</td></tr>
<tr><td>ख</td><td>५०% साझेदार गर्ने</td><td>१५</td></tr>
<tr><td>४</td><td>प्राविधिक क्षमताको अवस्था</td><td>२०</td><td rowspan="4">प्रमाणपत्र पेश गर्नुपर्ने ।</td></tr>
<tr><td>क</td><td>कम्तीमा १ जना कृषि/मेकानिकल ईन्जिनियर भएको (संचालक/शेयर होल्डर )</td><td>२०</td></tr>
<tr><td>ख</td><td>कम्तीमा १ जना कृषि/मेकानिकल ओभरसियर भएको (संचालक/शेयर होल्डर )</td><td>१५</td></tr>
<tr><td>ग</td><td>कम्तीमा १ जना कृषि/मेकानिकल ओभरसियर भएको (करार सेवामा राखेको)</td><td>१०</td></tr>
<tr><td>५</td><td>जमिनको अवस्था</td><td>२०</td><td rowspan="4">लालपूर्जा वा १० वर्षको करारनामा पेश गर्नु पर्नेछ ।</td></tr>
<tr><td>क</td><td>साझेदार सस्थाको नाममा भएको</td><td>२०</td></tr>
<tr><td>ख</td><td>सञ्चालक/प्रोपाईटरको नाममा भएको</td><td>१५</td></tr>
<tr><td>ग</td><td>करारमा लिएको</td><td>१०</td></tr>
<tr><td></td><td>कूल जम्मा</td><td>१००</td><td></td></tr>
</table>

* लगानी प्रति निर्माण बार्षिक स्वीकृत अनुदान रकमको कम्तीमा दोव्वर हुनु पर्ने,

नोटः कम्तीमा ५०% अंङ्क ल्याउने मात्र छनौट हुनेछन्।